लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
नेपालगंज, बाँके

प्रस्ताव आव्हान सम्बन्धि सूचना

सूचना प्रकाशित मितिः२०८०/१२/२०

आ.व. २०८०/०८१ मा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बाँके मार्फत तपसिलका क्षेत्रहरुमा निम्न ब्लक विकास कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले इच्छुक कृषि समूह/सहकारी/संस्था/समिती/कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन भित्र अर्थात (मिति २०८०/१२/२६ गते भित्र) यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बाँकेमा तोकिएको ढाँचा (अनुसूची-१०) अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै यस विषयमा थप जानकारीका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बाँकेको फोन नं. ०८१-५३०२५४ सम्पर्क वा वेवसाइट www.banke.vethos.gov.np मा हेर्न सकिनेछ ।

क) ब्लक कार्यक्षेत्रहरुः डुडुवा गाँउपालिका वडा नं. ३, ४ र ५, बाँके
ख) कार्यक्रमः भैसी ब्लक विकास कार्यक्रम (संचालनका आधारहरुः न्यूनतम उन्नत भैसीको संख्याः २०० वा स्थानीय/बर्णशंकर संख्याः ४००, दैनिक २००० लिटर दुध संकलन गर्ने कृषि समूह / सहकारी / संस्था / समिति / कृषि फर्म)

.....
कमला अधिकारी
कार्यालय प्रमुख

कमला अधिकारी
प्रमुख
बरिष्ठ मत्स्य विकास अधि

आवेदन/निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः

१. सम्बन्धित निकायमा कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।
२. पान दर्ता/कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि ।
३. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ बर्षको सम्झौतानाम।
४. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।
५. कार्य समितिको निर्णयको प्रतिलिपि ।
६. कार्यक्रम संचालन हुने स्थानीय तहको सिफारीस ।